NHS
Royal Berkshire
NHS Foundation Trust

# क्षयरोग (TB):

## यु.के.मा नयाँ व्यक्तिहरू निम्ति जानकारी

यो पर्चा हालैमा यु.के. आइपुगेका व्यक्तिहरूका लागि हो जसले रोयल बर्कशायर अस्पतालमा टीबी क्लिनिकमा जाँच गराउँदैछन्।

## क्षयरोग (TB) भनेको के हो?

क्षयरोग ब्याक्टेरिया (रोगाणु)-द्वारा हुन्छ। यो फोक्सो र लिम्फ ग्ल्याण्ड्समा [lymph glands] सर्वाधिक सामान्य हुन्छ तर यसले शरीरको लगभग सबै अङ्गहरूलाई प्रभावित गर्न सक्छ।

क्षयरोग सक्रिय हुन सक्छ जसले गर्दा तपाईंले विसञ्चो अनुभव गर्न सक्नुहुन्छ र यो संक्रामक हुन्छ (एक व्यक्तिबाट अर्कोमा सर्न सक्छ), खोक्दा वा हाच्छिउँ गर्दा हावा मार्फत् सर्छ। क्षयरोग उपचारद्वारा निको हुन सक्दछ। विशेष एन्टिबायोटिकको कोर्सद्वारा उपचार गरिन्छ

क्षयरोग लेटेन्ट [LATENT] (सुप्त अवस्थामा) हुन सक्छ। यसको अर्थ के हो भने तपाईं सञ्चै हुनुहुन्छ र अरूलाई संक्रमण सार्न सक्नुहुन्न। सुप्त क्षयरोग जीवनमा पछि गएर कुनै समय सक्रिय क्षयरोगमा विकसित हुन सक्छ, त्यसैले यस्तो हुन नदिन तपाईंलाई उपचार प्रदान गर्न सकिन्छ।

परीक्षण तथा उपचार निःशुल्क र गोपनीय हुन्छ र यसबाट यु.के. मा तपाईंको बसाइमा असर पर्ने छैन।

## कसलाई क्षयरोग लाग्ने सम्भावना बढी हुन्छ?

क्षयरोग कसैलाई पनि हुन सक्छ तर मानिसहरूका केही समूह अरूहरू भन्दा बढी जोखिममा हुन्छन्:

- क्षयरोग बढी सामान्य रूपमा हुने मुलुकहरू जस्तै दक्षिण-पूर्व एशिया, उप-सहारा अफ्रिकामा जन्मेका वा बसेका मानिसहरू।
- संक्रमण भएको व्यक्तिसँग निजकमा वा लामो समयसम्म बसेकाहरू जस्तै एउटै घरमा बसेका व्यक्तिहरू।
- गरिबी वा घुइँचोमा बस्ने जस्तै घरविहीन वा जेलमा बस्ने मानिसहरू।
- अन्य रोगहरूले ग्रस्त व्यक्तिहरू जस्तै एचआईभी जसले संक्रमण विरूद्ध लड्ने क्षमता कम पार्छन्।
- लागू पदार्थ वा जाँड-रक्सीमाथि निर्भर मानिसहरू।

## मलाई क्षयरोग भएको छ भनेर कसरी थाहा पाउने?

लक्षण र सङ्केतहरूमा सामेल छन्:

- 3 साताभन्दा लामो समयसम्म चल्ने खोकी
- खोक्दा रगत वा कफ (खकार) निस्कनु

- भोक नलाग्नु र वजन घट्नु
- ज्वरो वा राति पसिना आउनु
- सामान्यतः थकाई र विसञ्चो भएको महसूस हुनु
- ग्ल्याण्डसहरू सुन्निनु
- छाति दुख्नु र सास फेर्न गाह्रो हुनु

## सुषुप्त क्षयरोगको निदान कसरी गरिन्छ?

प्राय वयस्कहरूका लागि रगत परीक्षण (TSpot) द्वारा र बच्चाहरूका लागि छालाको जाँच (Mantoux) द्वारा यसको निदान गरिन्छ। तपाईंको छातिको एक्स-रे पनि गर्नु पर्न सक्छ। गर्नु पर्ने जाँचहरू तपाईंको आयु, पुरानो चिकित्सा विवरण र लक्षणहरूमा भर पर्नेछ। सबै जाँचहरू र उपचार निःशुल्क हुन्छ।

हामीले तपाईंको जाँच रोयल बर्कशायर अस्पतालको श्वास सम्बन्धी औषधी विभाग (लेभल 2 दक्षिण ब्लक)-मा [Respiratory Medicine Department] (Level 2 South Block) अथवा न्यूबरी [Newbury] नजिक पश्चिम बर्कशायर सामुदायिक अस्पतालमा [West Berkshire Community Hospital] गर्नेछौँ। तपाईंलाई एकजना विशेषज्ञ नर्सले हेर्नेछन् जसले तपाईंलाई तपाईंको उपचार अवधि भरि सहयोग गर्नेछन्।

हामी एउटा सानो तर मिलनसार दल हौं जसलाई समग्र राष्ट्रका मानिसहरूको देखरेख गर्न बानी भएको हुन्छ। तपाईं अस्पतालमा आउँदा हामी दोभाषेहरू उपलब्ध गराउन सक्षम छौं।

## थप जानकारी

| | |
|---|---|
| www.dh.gov.uk<br>www.tbalert.org<br>www.hpa.org.uk<br>www.thetruthabouttb.org | क्षयरोग नर्स<br>फोन: 0118 322 6882 |

वेस्ट बर्कशायर क्षयरोग सेवा [West Berkshire TB Service], श्वास सम्बन्धी चिकित्सा विभाग [Department of Respiratory Medicine], जुन 2013
समीक्षा गरिएको मिति: जुलाई 2019. आगामी समीक्षा मितिः जुलाई 2021